# नेपालको भूमि व्यवस्था : परिचय, प्रकृति-प्रकार र प्रयोग

***डा. जगतप्रसाद पराजुली****

## सार संक्षेप

*एउटा स्वतन्त्र राज्य बन्न राजनैतिक सिद्धान्तका हिसाबले चारवटा अत्यावश्यक तत्वहरू अपरिहार्य ठानिन्छ । भूभाग, जनता, सरकार र सम्प्रभुता यी तत्वहरूको समन्वयात्मक संरचनाबाट स्वतन्त्र राष्ट्रहरूको अस्तित्व स्थापित हुन्छ । त्यसैकारण राज्य निर्माणमा भूभाग सबैभन्दा प्रमुख, अपरिहार्य र वाञ्छनीय पूर्वाधार हो । यही वस्तुनिष्ठ तथ्यलाई दृष्टिगत गरी राज्यभित्रको अन्तरनिहित सम्पूर्ण जमिन वा भूमिलाई सुव्यवस्थित, सुनिश्चित र सुसंगठित गर्न सरकारले प्रत्येक ऐतिहासिक युगमा भूमि परिचालनका आधारभूत योजनाहरू र कार्यनीतिहरू समयानुकूल, परिवर्तन र सुधारात्मक प्रयासहरू गरिरहेको देखिन्छ । राज्यभित्रको सम्पूर्ण भूमि राष्ट्रनिहीत हुन्छ र राष्ट्र राजाको अधिनमा रहन्छ । "All lands are upon the Nation and the Nation is upon the King" यही सारगर्भित सन्देश बमोजिम प्राचीन, मध्यकालीन तथा आधुनिक कालमा समेत सरकारी पक्षबाट भूमिलाई उर्वर, उब्जाउमूलक र जमिनलाई आधुनिकीकरण गराउने सिलसिलामा विभिन्न योजना कार्यनीति, सुधारात्मक प्रयासहरू अगाडि बढाएको देखिन्छ ।*

**विशिष्ट पदावली** : समयानुकूल परिवर्तन, सुधारात्मक प्रयत्न, उब्जाउमूलक र कार्यनीति तर्जुमा ।

## अनुसन्धान विधि

इतिहास समाजको दर्पण हो । यसले समाजभित्रका समसामयिक सम्पूर्ण पक्षहरूमाथि त्रिकालदर्शीय सचेतनाकासाथ गहन अध्ययन गर्दछ । तत्कालिन समाजको बहुआयामिक परिवर्तन, फेरबदल, अनुभव, योगदान तथा उपलब्धिहरूलाई कालक्रमिक शिलशिलेवार तवरबाट अभिलेखन गर्ने कार्यमा यसले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । समाजका सबैखाले परिघटनाका यावत विषयहरूलाई वस्तुनिष्ट र यथार्थपरक ढंगबाट चित्रण गर्ने दायित्व पनि यसैमा अन्तर्निहित हुने हुनाले इतिहास जस्तो विषयलाई मुलुकको वास्तविक तस्विर उद्घाटन गर्ने सबैभन्दा गहकिलो शास्त्र मान्ने गरिन्छ । सोही प्रसंगलाई आत्मसात गर्दै प्रस्तुत लेख प्राथमिक र सहायक स्रोतहरूमा अन्तर्निहित भएर तयार पारिएको छ । मौलिक स्रोत तथा सामग्रीहरूबाट प्राप्त वस्तुनिष्ट सत्य-तथ्य सूचनालाई समुचित स्थान प्रदान गरि निचोड निकालिएको छ । छलफल, संवाद, सम्बोधन, सन्देश, विज्ञप्ति, अपिल, मन्तव्य आदिमा प्रकट भएका ऐतिहासिक तथ्यहरूलाई पनि सूचनाका स्रोतका रूपमा मनन गरिएको छ । सूचनाहरूको प्रामाणिकता, विश्वसनीयता, भरपर्दोपना र ऐतिहासिक सन्दर्भहरूलाई उच्च प्राथमिकता प्रदान गरि तथ्यहरूको सदुपयोग गरिएको छ । सहायक स्रोतहरूका लागि पुस्तकालयीय सामग्रीहरूका ओजपूर्ण तथ्यहरू उद्धहरण सहित प्रस्तुत गरिएको छ । समष्टिगत रूपमा यो लेख विवरणात्मक हुनका साथै विश्लेषणात्मक हुन पुगेको छ । अनुच्छेदभित्र टिप्पणी उल्लेख गर्दै सूचनाका स्रोतहरूलाई सन्दर्भग्रन्थ सूचिमा विधिवत ढंगबाट संयोजन गरिएको छ

****डा. पराजुली, सहप्राध्यापक, विभागीय प्रमुख, इतिहास तथा बौद्ध अध्ययन विभाग त्रि.वि. पाटन संयुक्त क्याम्पस, पाटनढोका ।***

## अध्ययनको महत्व

शोधकार्य आफैमा खोजमूलक क्रियाकलाप हो । नेपालको इतिहासमा प्राचीनकाल अनुसन्धानका निमित्त अत्यावश्यक विषयक्षेत्र हो । त्यसैको जगमा उभिएर मध्यकाल, आधुनिककाल हुदै वर्तमान समयमा पनि जीवन संघर्षको अनेक अनुभूतिहरू सँगालिएका छन् । जीवन निर्वाह गर्ने क्रममा मानव समुदायले खेलेका भूमिका, पु¥याएको योगदान र प्राप्त गरेका उपलब्धिहरू नै इतिहासको परीक्षण कक्षमा मूल्यांकन भैरहन्छन् । समाज विकास र मुलुक निर्माणमा भए-गरेका यावत पहलुहरूले आफ्नो देशको गौरव बढाउन प्रतिष्ठा अभिवृद्धि गर्न र लोकप्रियता हासिल गर्न गराउन सघाइरहेका हुन्छन् । यी सबै सद्कार्यले जनताको हित, कल्याण र मुलुकको सर्वत्वमुखी विकासका खातिर कर्तव्य पालना गरिन्छ । यसै शिलशिलामा विभिन्न समयमा नेपालमा नक्सांकन गरिएका जमिनको प्रत्येक ऐतिहासिक युगधारामा परिचालित हुँदा अवलम्बन गरिएका समष्टिगत प्रणालीहरुको संक्षिप्त सिंहावलोकन गर्ने प्रयत्न स्वरुप यो लेख तयार गरिएको हो ।

## परिचय

प्राचीन कालदेखि नै नेपालको भूमिलाई उत्पादनशीलताको आधारमा वर्गीकरण गर्ने, रेखांकन गर्ने र नक्सांकन गर्ने लगायत कृषि उपजको व्यवस्था मिलाउन सिंचाइको समुचित प्रबन्ध कूलो, नहर आदिको व्यवस्था गर्दै आलोपालो प्रणाली बाँधिदिने, भूमिपति र कृषकको बीचमा सुसम्बन्ध सुदृढ गर्न आवश्यक नीति तर्जुमा गर्ने, भूमिकर निर्धारण गरी राजश्व संकलनका सन्दर्भमा समयसापेक्ष कार्यनीति तयार पार्ने जस्ता कामहरू गरिएको पाइन्छ (बज्राचार्य, २०४१ : ११) ।

नेपालको इतिहासमा किरातकालभन्दा अगाडिको गोपाल तथा महिषपाल वंशको शासनकालमा भूमि सम्बन्धी के कस्तो व्यवस्था गरिएको थियो भन्ने विषयमा ऐतिहासिक सामग्रीका अभावका कारणले प्रष्ट किटेर उल्लेख गर्न सकिँदैन (आचार्य, २०२६ : ६६) । भूमि सम्बन्धी धेरै कुराहरू अस्पष्ट छन् । किरातकालमा भूमिको वर्गीकरण गरिएको थियो जुन विषयलाई लिच्छविकालीन ऐतिहासिक स्रोत सामग्रीहरूले पनि प्रष्ट्याएका छन् । नेवारी भाषामा 'बुँ' भन्ने शब्दले भूमिलाई बुझाउने कुरा लिच्छविकालीन शिलालेखहरूमा उल्लेख गरेको पाइन्छ । त्यस्ता उल्लेखित अभिलेखहरूमा भएका 'थम्बु', सलम्बु, बुँ, खोपृङ्ग र दुप्रङ्ग जस्ता शब्दहरू किरातकालदेखि नै प्रचलित भएको वर्णन गरिएको छ (बज्राचार्य, २०४१ : १२) । लिच्छविकालमा भूमिलाई तीन भागमा उल्लेख गरी वर्गीकरण गरिएको थियो । अन्न उत्पादन हुने उर्वर भूभागलाई 'क्षेत्र' भनिन्थ्यो । उपत्यकाभित्रको नदीकिनारमा अवस्थित उर्वर भूमिलाई 'नदीक्षेत्र' भन्ने गरिन्थ्यो । तरकारी र फलफूल उत्पादन हुने जमिनलाई 'बाटिका' र बाँझोपाखो जमिनलाई 'पर्तीबारी' भनिएको देखिन्छ । माथि दुई 'क्षेत्र' र 'नदीक्षेत्र' जस्ता भूमिलाई बराबरीको स्थान दिइएको थियो (बज्राचार्य, २०४१ : १९) ।

ऐतिहासिक सामग्रीहरूको आधारमा एकीकरणपूर्व नेपालको भूमिव्यवस्था कस्तो थियो भन्ने विषयमा प्रशस्त अस्पष्टताहरू देखिएका छन् । हुनत, खेतबारी, घर-घडेरीका बारेमा मध्यकालीन केही मल्ल शासकहरूले भूमि सम्बन्धमा विभिन्न सुधारका प्रयासहरू गरेका थिए । जयस्थिति मल्ल, मल्लहरुकै समकालीन राम शाह, महिन्द्र मल्ल आदि शासकहरूले आ-आफ्नो शासनकालमा भूमि सम्बन्धी केही नीति नियम र थिति बन्देजहरू बसालिदिएका थिए (ढुंगेल र प्रधानांग, २०५६ : ५८) । विभिन्न टुक्रे राज्यहरूको अस्तित्व रहेको बेला एउटा राज्यले अर्को राज्यसँग मिली तेस्रो राज्यमाथि आक्रमण गर्ने, केही भूभाग विजय गर्ने, केही स्थान कब्जा गर्ने र

केही इलाका सहमतीकै आधारमा पनि अधिनस्थ गर्ने प्रक्रिया प्रायजसो चलिरहन्थ्यो । यस्तो प्रक्रियाले राज्यको भूभाग विस्तार हुने, खुम्चने, संकुचनमा पर्ने कार्य निरन्तर प्रचलनमा थियो । यस्तो अवस्थामा भूमि सम्बन्धी स्थायी, स्थिर र वैज्ञानिक तौरतरिका अवलम्बन गर्न अपेक्षाकृत सजिलो कार्य थिएन (ढुंगेल र प्रधानाङ्ग, २०५६ : ५९) ।

एकीकरणपूर्व नेपालको जमिन झगडाको कारण बन्नुका साथै यसको व्यवस्थापनको पक्षमा प्रशस्त अनिश्चितताहरू थिए (थापा, २०३९ : २४) । मध्यकालमा कुनै राजाले आफ्ना सन्तानहरूलाई केही भूमि अंशबण्डा गरी उक्त भूमिलाई पछि छुट्टै राज्यको अस्तित्व सृजना गरिदिएको घटना पनि पाइन्छ । यस्तो कार्यले भूमिलाई एउटा राज्यको स्वामित्वबाट अर्को राज्यको स्वामित्वमा स्थानान्तरण गरिने हुनाले भूमि व्यवस्थामा अरु जटिलता थपिदिएको थियो (थापा, २०३९ : ६०) ।

एकीकरणपश्चत् टुक्रे राज्यहरू सिंगो राज्यमा गाभिन गई अधिराज्यको सम्पूर्ण जमिनमा सरकारको सिधै सम्बन्ध रहन गयो । राज्यको जमिन राजाले मात्र कसैलाई कुनै संस्थालाई प्रदान गर्न सक्थे । जस्तो बिर्ता, गुठी जमिनहरू राजाले मात्र वितरण गर्न सक्थे (थापा, २०३९ : ६१) ।

नेपालमा अवस्थित सम्पूर्ण जमिनलाई उत्पादन क्षमताको आधारमा मूल्यांकन गर्ने परिपाटी अगाडिको ऐतिहासिक युगधारादेखि नै प्रचलित थियो । उर्वर माटो भएको जमिन 'अबल' किसिमको मानिन्थ्यो । अबल जमिनभन्दा कमसल वा कम उत्पादन हुने भूमि 'द्वयम' र यसरी नै 'सीम', 'चहार' गरी जमिनलाई उर्वराशक्ति, लेनदेन प्रक्रिया र प्रचलित व्यवहारमा प्रयोग गरिएको आधारमा विभक्त गरिएको थियो । मूल सडक, गल्ली र गल्लीभित्रको जमिन घडेरीको रूपमा प्रयोग गर्दा समेत समानुपातिक हुनसकोस भन्ने धारणा राखिन्थ्यो (थापा, २०३९ : २४) ।

उर्वरा शक्तिका आधारमा जमिनको स्तर चार किसिमको थियो । यस्ता चारै किसिमका सम्पूर्ण जमिनहरू विभिन्न रूप, स्वरूपमा रहेका थिए । त्यसको भूमि व्यवस्थापन पनि आफ्नै किसिमको थियो । बिर्ता जग्गाको रूपमा प्रचलित जमिनको पनि आफ्नै छुट्टै विशेषता थियो । गुठी, किपट, जागिर जस्ता जग्गाहरू छुट्टै उद्देश्य र आदर्शअनुरूप तिनीहरूको व्यवस्थापन गरिएको थियो । भूमि व्यवस्थामा 'शेरा' नाम गरेको जमिन समेत उल्लेख गरेको पाइन्छ (थापा, २०३९ : १२१) ।

माथि उल्लेख गरिएको ऐतिहासिक अवधारणाले भूमिको स्वरूप, प्रकार, प्रकृति र सामान्य परिचयको खुलासा गर्दछ र ती प्रचलित अनेक प्रकारका जग्गाहरूको संक्षिप्त सिंवालोकन तल प्रस्तुत गरिन्छ ।

### १) रैकर जग्गा

"Lands which were under the direct control and management of the Government were known as raikar lands" (थापा, १९९५ : १२१) । राज्य र कर दुई शब्दहरूको संयोजनबाट राज्यकर शब्द बन्यो । पछि यही शब्द रैकर बनेर भूमि सम्बन्धी व्यवस्थामा प्रयुक्त हुनथाल्यो (उपाध्याय, २०५२ : ८४) । रैकर जग्गाको बारेमा महेशचन्द्र रेग्मीज्यूको व्याख्या यसप्रकार रहेको छ । 'रैकर' भन्ने शब्द सम्भवत संस्कृत शब्दहरू राज्य र करबाट उत्पन्न भएको देखिन्छ (रेग्मी, १९७८ : ८४) । यसप्रकार रैकर जग्गा भनेको राज्यले आफ्नै स्वामित्वमा रहेको जग्गालाई निश्चित कर तिर्ने व्यवस्था गरी व्यक्तिहरूलाई आवादी गर्न र उपयोग गर्न दिएको

भूमि भन्ने बुझिन्छ । अर्को अर्थमा रैकर जग्गा भन्नाले रैती अर्थात् जनताले सरकारबाट स्वतन्त्रापूर्वक हकभोग र किनबेच गर्न पाउने गरी प्राप्त गरेको जग्गालाई जनाउँछ (न्यौपाने, २०४३ : ९-१०) । रैकर भूमिबाट सरकारलाई कर बुझाउन स्थापना गरिएका मालअड्डाहरूले वर्षभरिको लगत, अभिलेख राखी के-कति असुल उपर गरिएको छ र कति खर्च हुन्छ, सबैको दुरुस्त हिसाब राखी राजालाई सुनाउनु पर्दछ भनेर पृथ्वीनारायण शाहले व्यवस्था बाँधिदिएको ऐतिहासिक प्रमाण पाइन्छ (रेग्मी, १९८४ : २७) ।

१७८७ ई.मा बहादुर शाहले काठमाडौँ उपत्यकाको जमिन नापी गराई भूमि व्यवस्थालाई वैज्ञानिक ढाँचाबाट अभिलेखन र लगत राख्न लगाएका थिए । उनले नै १७९१ ई. मा रामदास पन्त, नारायण अर्थात् इच्छानन्द बाराकोटी, दशरथ वानियाँलाई पूर्व र पश्चिमका तराई क्षेत्रमा नापी गर्न पठाएका थिए (रेग्मी, १९७८ : ८६) । जग्गा नापी गर्ने अधिकारीलाई सुब्बा वा फौजदार भनिन्थ्यो । उनीहरूले मुन्सी वा चौधरीको नियुक्ति गर्दथे । मुन्सीले जग्गा नापी र करको अभिलेख राख्नु पर्दथ्यो । राणाकालीन समयमा पनि जंगबहादुर राणा, वीरशमसेर राणा, देवशमसेर राणा आदिले आ-आफ्नो शासनकालको समयमा रैकर जमिनलाई व्यवस्थित गर्ने कोशिस गरेका थिए ।

रैकर जमिनलाई हले, पाटे, कोदाले नामकरण गरी आवादीको आधार तयार गरिएको थियो । गोरु, राँगा लगाई जोताहाको तरिकाबाट आवादी गरिन्छ भने त्यसलाई हले जग्गा भन्ने गरिन्थ्यो । एकजोडी गोरुले एक दिनभन्दा कम वा आधा दिन वा त्योभन्दा पनि कम समय लगाएर जोतिएको छ भने त्यसलाई पाटे जमिन भनिन्थ्यो । त्यस्तै कुटो, कादालो जस्ता कृषि औजार प्रयोग गरी आवदी गरिन्छ भने त्यस्तो जग्गालाई 'कोदाले' जमिन भनिन्थ्यो (न्यौपाने, २०४३ : २४) । तराईमा लग्गी, धुर, कठ्ठा, विगाहाको परिमाण निर्धारित थियो, पछि काठमाडौँ उपत्यकामा आना, दाम, पैसा चार आना, आठ आना, रोपनीको रूप प्रचलित भयो । उत्पादित अन्न, बिउविजनका मापनका बारेमा पनि मूठी, माना, पाथी, मुरी जस्ता परिमाणबोधक शब्दहरू प्रचलित थिए । बोडी, आठपोल, विसौली, धार्नी जस्ता तौलका अनेक रूपहरू पनि प्रचलित थिए । तालुकदार, जिम्मावाल, तहसिलदार, तहविलदार आदि पदका कर्मचारीहरू मालपोत वा भूराजश्व संकलनमा सरकारी पक्षबाट खटाइएको हुन्थ्यो ।

### २. बिर्ता जग्गा

Sometimes, the state or the representative of state, the king granted ownership right of a fixed portion of land to the individuals. such lands were known as Birta lands. बिर्ता जमिन कुनै खास उद्देश्य र प्रयोजनका निमित्त राजा वा राजाका प्रतिनिधिले राष्ट्रसेवक, पूजारी, राजकर्मचारी, सेना, भाइ-भारदार, दरबारीया र केही दुनियाँदारहरूलाई समेत करमुक्त या करयुक्त, फिर्ता हुने गरी वा फिर्ता नहुने गरी समेत जग्गाको केही हिस्सा प्रदान गरिएको पाइन्छ । लिच्छविकालमा जन्म-जन्मान्तरसम्म 'अग्रहार'को नामबाट बिर्ता दिने गरिन्थ्यो । वशन्तदेवले आफ्नी बहिनी जयसुन्दरीलाई दरसन्तानसम्म हक-भोगचलन गर्नेगरी थानकोटको जग्गा बिर्ता दिएको देखिन्छ (ढुंगेल, १९८६ : १६५) । मल्लकालमा पनि जमिन बिर्ता दिएका उदाहरणहरू प्रशस्त छन् । बाबुराम आचार्यज्यूले पृथ्वीनारायण शाहको समयमा 'धुँवा बिर्ता' को प्रचालन प्रारम्भ गराएको कुरा उल्लेख गर्नुभएको छ (आचार्य, २०२६ : १३५) । धुँवा विर्ता वास्तवमा पृथ्वीनारायण शाहको समयभन्दा अगाडि पनि प्रचलित भएको ऐतिहासिक तथ्य प्राप्त भएकाले मध्यकालीन युगमा पनि उक्त विर्ता दिने प्रचलन थियो भन्ने प्रष्ट हुन्छ । उनले राज्यको रक्षार्थ खटिएका सिपाहीहरूले युद्धभूमिमा वीरगति प्राप्त गरे भने उनका

सन्तानलाई 'मरहठ' विर्ता दिएर राष्ट्रभक्त र राष्ट्रसेवकका सन्तानहरूको लागि जीविकोपार्जनको व्यवस्था गरिदिएको देखिन्छ (आचार्य, २०२६ : १३६) ।

पृथ्वीनारायण शाहको पालामा बिर्ता दिने प्रचलनलाई कम गर्दै लगेको थियो । तर उनको समयदेखि बिर्ता भूमि व्यवस्था सम्पूर्ण रूपमा समाप्त भएको थिएन । न्युनीकरण भएको सन्दर्भ चाहिँ पक्कै हो । किनकी शाहकाल, राणाकालमा बिर्ताको नामबाट मुलुकको धेरैजसो भूमि बिर्ताको रूपमा व्यक्तिलाई वितरण गर्नाले यसबाट राज्यले भूमिलाई वैज्ञानिक तवरबाट उत्पादनशील तुल्याई गुल्जार गर्ने र भूराजश्वबाट अर्थ संकलन गर्न अपेक्षाकृत सफलता प्राप्त गरेको थिएन । राणाकालमा जमिनलाई बिर्ताको रूपमा वितरण गरेर उपयोगभन्दा बढ्दा दूरूपयोग गरिएको थियो । भूमिलाई अस्वभाविक तवरबाट विभिन्न समयमा अनेक नामबाट विर्ता दिने गरिन्थ्यो । सट्टा विर्ता, खुवा विर्ता, मानोचामल विर्ता, पोता विर्ता, थुक विर्ता इत्यादि नामबाट भूमि वितरण गरिन्थ्यो । यसरी नै अन्य उल्लेखमा पाइने दाइजो विर्ता, फिकदार विर्ता, रकम विर्ता, रकम वेगर विर्ता, खरिदी विर्ता, तिरुवा विर्ता, राज्य विर्ता, भरौटे विर्ता, ठेक्का विर्ता, राजवन्धकी विर्ता आदि पनि समय समयमा अस्तित्वमा थिए (थापा र अन्य, २०५४ : २५३) । यसरी वितरण गरिएका विर्ताहरूको क्षेत्रफल एक तथ्याङ्कअनुसार २१, ०३, ८०५ विगाह, १९, ४५, ६६५ रोपनी ३,५०,६१६ माटो मुरी रहेको थियो ।

भूमि सम्बन्धी व्यवस्थामा विर्ता जमिन मुलुकको एउटा असहज, असमानुपातिक, गरीब, धनी वर्ग विभाजनको विषवृक्ष, भूराजश्व संकलनको ठूलो अड्चन, कृषकको शोषण, बाँफो पर्ती एवं भू-आवादीको बढ्दो सम्भावना, सुविधाभोगी र सुविधाविहीन वर्गको सुत्रपात गर्न जस्ता नकारात्मक तवरबाट मुलुकको सामाजिक र आर्थिक संरचनालाई उथलपुथल पारिएको थियो । यसैकारण प्रजातन्त्र बहाली भएपछि २००७ सालको ऐतिहासिक जनक्रान्ति वा राजनैतिक परिवर्तनपश्चात २००८ साल आश्विन ११ गते मन्त्रीमण्डलको बैठकले विर्ता प्रथा तुरुन्त खारेज गर्ने निर्णय गऱ्यो । २००८ साल मार्ग २६ गते विर्ता खारेजी अड्डा गठन गरी यसतर्फ कार्यवाही अगाडि बढाउन थालियो (देवकोटा, १९७९ : १०९) ।

### ३) गुठी जग्गा

When land grand would be made for religious purposes, such lands would be known as guthi land (थापा, १९९५ : १२२) । धार्मिक तथा सामाजिक उद्देश्य परिपूर्ति गर्ने भावनाबाट अभिप्रेरित भै सार्वजनिक महत्वका उपयोगी विषयहरूको संचालनार्थ तोकिदिएको जमिनको भागलाई गुठी जग्गा भनिन्छ । सामाजिक प्रतिष्ठानहरू स्कुल, कलेज, पुस्तकालय, मन्दिर, देवालय, स्मारक जस्ता ठाउँहरूको हेरविचार, निरीक्षण-नियन्त्रण, पूजा-अर्चना, स्याहार-संभार, संवर्द्धन गर्न दाताबाट तोकिदिएको जमिनलाई गुठी जग्गा भनिन्छ । गुठी संस्थान ऐन २०२१ ले तोकिदिएको गुठी जग्गाको परिभाषा पनि माथि उल्लेखित आसयसँग सम्बन्धित छ (ऐन, २०२१ : ११) । गुठी जग्गालाई राजगुठी र दुनियाँ गुठी गरी दुई भागमा बाँडिएको थियो । राजा र राजपरिवारका सदस्यले दान गरेको जग्गा राजगुठी जग्गा र जनसाधारणले धार्मिक र सामाजिक उद्देश्यका लागि छुट्याइदिएको जग्गालाई दुनियाँ गुठी भनिन्थ्यो । वर्तमान अवस्थामा गुठी संस्थानसँग ४ किसिमका गुठीहरू रहेका छन् । गुठी रैतान नम्बरी, गुठी नम्बरी, गुठी अधिनस्थ र गुठी तैनाथी यी ४ किसिमका गुठी जमिनहरूको बन्दोबस्त मिलाउन गुठी संस्थानले भूमिका खेल्ने गर्दछ ।

### ४) किपट जग्गा

Th Kipat land tenure system was that system where a whole area of lands would be allotted to a community or communities (थापा, १९९५ : १२३) । कुनै जाति विशेषको समुदायलाई जीविकोपार्जनको लागि सरकारी तवरबाट प्रदान गरिएको जमिनको भागलाई किपट जग्गा भनिन्छ । यस्तो किपट जग्गाको प्रचलनका बारेमा धेरै किसिमका धारणाहरू प्रस्तुत भएका छन् । बाबुराम आचार्यज्यूले पृथ्वीनारायण शाहको समयमा किपट प्रथा प्रचलित भयो भनेर लेखेका छन् तर त्यसभन्दा पनि अगाडिदेखि नै यसको अस्तित्व पाइन्छ (रेग्मी, १९७८ : ५३६) । किपट जग्गा पूर्वतर्फका किरात, राई, लिम्बू लगायत तामाङ्ग, दनुवार, सुनुवार, शेर्पा, माझी, कुम्हाल, लेप्चा आदिलाई प्रदान गरिएको थियो । किपट जग्गा व्यवस्था खोला, खर्क, जंगल, खानीसँग पनि सम्बन्धित थियो । किपट जग्गा एउटा कुनै व्यक्तिको हुँदैनथ्यो । कुनै निश्चित जातिको सामूहिक हक अन्तर्गत यसको स्थान रहेको थियो ।

विशेष गरेर किपट जग्गाको ठूलो भाग पूर्व १ नं., पूर्व २ नं. मा कायम थियो । पूर्वी नेपालको पहाडी जिल्लाहरूमा पल्लो किरात, माझ किरात, वल्लो किरात गरी तीन क्षेत्रमा बाँडिएको थियो । केही भूभागको क्षेत्रलाई 'लिम्बूवान' पनि भन्ने गरिएको थियो । पृथ्वीनारायण शाहले केही राई र लिम्बूहरूलाई सम्झौत गरेर किपट जग्गाको भोगचलन वैधानिकता प्रदान गरी स्वायत्तता प्रदान गर्दै उक्त किपट जग्गा कहिल्यै नखोस्ने र खोसेमा आफ्नो राज्य नरहोस् भनेर बचनवद्धता समेत जाहेर गरेका थिए । रणबहादुर शाहले पनि किपट जग्गालाई व्यवस्थित गर्ने प्रयत्न गरेका थिए । किपट जग्गाबाट सम्बन्धित किपटीया अधिकार प्राप्त समूहको मुख्य व्यक्तिले सरकारलाई तोकिएको निर्धारित कूत, रकम, भूराजश्व बुझाउनु पर्दथ्यो । यद्यपि अनावृष्टि र अतिवृष्टिको कारणले समयमा भूराजश्व तिर्न नसक्दाको स्थितिमा सो निर्धारित भूराजश्व कम वा पुरै माफी गरिएका प्रमाणहरू पनि प्राप्त भएका छन् । भीमसेन थापाको मुख्तियारी कालसम्म किपट जग्गा प्रणाली निकै फस्टाएको थियो । तर राणाकालमा किपट पद्धतिलाई कम गर्ने प्रयत्न गरियो । नयाँ किपट वितरण भन्दा परम्परागत रूपमा अगाडि वितरित किपट जग्गालाई सरकारी स्वामित्वमा ल्याउनेतर्फ पहल हुन थाल्यो । प्रजातन्त्र प्राप्तिपछि किपट जग्गा व्यवस्थाको निकै ठूलो आलोचना हुन थाल्यो । वि.सं. २०५५ सालमा यो व्यवस्थाको अन्त्य भयो ।

### ५) शेरा जग्गा

The lands appropriated by the state to the Royal Households were known as "Sera" lands. राजदरबारको दैनिक खर्च चलाउन छुट्टै केही जग्गाको व्यवस्था गरिएको थियो । त्यस्तो जग्गाको आम्दानीबाट दरबारको स्याहार सम्हार गरिन्थ्यो । यस्तो जग्गाको हेरविचार गर्ने अधिकारीलाई कपरदार भनिन्थ्यो (उप्रेती, २०५३ : १०९) । १८०३ इ. मा कपरदारको नाममा जारी गरिएको आदेशमा शेरा जग्गाबाट अन्न तथा अन्य जेसुकै वस्तु उत्पादन भए पनि दरबारमा जम्मा गर्नुपर्ने छ र खाँचो पर्दा ती वस्तुहरूको प्रयोग गर्नुपर्ने छ । राजाले आफूले चाहेको ठाउँमा शेरा जग्गा प्राप्त गर्न सक्दथे । १७९८ इ. मा रणबहादुर शाहले महोत्तरी जिल्लाको १४ विगाहा फलफूल बगैंचालाई शेरा बनाएका थिए । खेतीयोग्य जमिन शेरा बनाई झारा वा बेठ बेगारद्वारा आवादी गराइन्थ्यो । पछि ठाउँठाउँका ठूलाठालूहरूले पनि झाराको चलन चलाई आफ्ना व्यक्तिगत कामहरू स्थानीयवासीहरूबाट विना पारिश्रमिक काममा लगाउँथे । राणाकालमा राजाभन्दा राणा प्रधानमन्त्री वा श्री ३ महाराज शक्तिशाली भएका हुनाले शेरा जग्गा लिने कार्यलाई उनीहरूले तीव्र पारे र राजाको नामको शेरा जमिन समेत उनीहरूले कब्जा गरे । १९५० ई. मा तराईमा राजाका शेरा जग्गा २३, ८२८ विगाहा, राणा

प्रधानमन्त्रीको नाममा ३,६३,३६९ विगाहा जमिन रहेको तथ्यांकले जमिनको ठूलो हिस्सा शेरा जग्गाको रूपमा प्रचलित भएको व्यहोरा प्रमाणित हुन्छ (उपाध्याय, २०५२ : १९४) ।

## ६) जागिर जग्गा

राजभक्त, राष्ट्रसेवक, सेना, कर्मचारी आदि व्यक्तिहरूले राज्यको सेवा गरे वापत तलवको सट्टा दिइने जग्गालाई 'जागिर' जग्गा र यसरी जग्गा प्राप्त गर्ने व्यक्तिलाई जागिरदार भनिन्थ्यो । पृथ्वीनारायण शाहले ६ थर-घरका राष्ट्रसेवकहरू तथा अन्य कर्मचारीलाई पनि मुलुकको सेवा गरेवापत जमिनको केही भाग 'जागिर' को रूपमा दिएका थिए । बहादुर शाहको समयमा पनि यो चलन चलाइएको थियो । भीमसेन थापाले जमिनको धेरै भाग जागिरमा दिँदा जमिन अपुग हुन सक्ने देखेर अधिकांश राष्ट्रसेवकलाई  नगद रूपैया नै तलबको रूपमा दिन थाले । जंगबहादुर, बीरशमसेर, चन्द्रशमसेर आदि राणा शासकहरूले जागिर जग्गा दिन अत्यन्तै कम गरी जागिर जग्गालाई रैकरमा परिणत गर्ने प्रयास गरे । सेनाको गण संचालन गर्न गुल्म वा गणलाई नै जागिर दिने व्यवस्था चन्द्रशमसेरले हटाइदिए । पछि १९५१ ई. मा अधिराज्यभर जागिर वापत जग्गा दिने चलनलाई खारेज गरी रूपैयाँ, पैसा नै दिने व्यवस्था मिलाईयो ।

## ७. रकम जग्गा

एकीकरण पश्चात भूमि व्यवस्थामा रकम जग्गा सम्बन्धी पनि व्यवस्था अस्तित्वमा आएको थियो । यस्तो जग्गा विशेष गरी पश्चिमका केही जिल्लाहरूमा थोरै जनसंख्या भएको कारणले एक ठाउँबाट अर्को ठाउँमा सामान ढुवानीको विशेष काममा खटाइएका मानिसहरूलाई यस्तो किसिमको रकम जग्गा प्रदान गरी त्यस्ता ढुवानी सेवामा संलग्न व्यक्तिहरूको पारिवारिक जीविकोपार्जनका लागि रकम जग्गा पाउँथे ।

सरकारी कामकाजको सिलसिलामा हातहतियार, पेट्रोलियम पदार्थ, इन्धन, पोटासिमय, हुलाकी सर-सामान आदि ओसार-पसार गर्ने व्यक्तिहरूलाई ढुवानी सेवा गरेवापत रकम जग्गा उपलब्ध गराइन्थ्यो । पछि यसलाई रूपैया वा जागिर वा तलवस्वरूप पैसा नै दिएर यस्तो किसिमको जग्गालाई रैकरमा परिणत गरिएको पाइन्छ (रेग्मी, १९८४ : ५१०) ।

## निष्कर्ष

नेपालको भूमि व्यवस्था परापूर्वकालदेखि नै वैज्ञानिक पद्धतिमा संयोजन हुन सकेको थिएन । तराइको विस्तृत फाँट, ठूलो वन पैदावार, पहाडी इलाका, हिमाली क्षेत्र आदिको कारणले गर्दा जमिनको व्यवस्थापकीय प्रबन्ध निकै जटिल विषय भएको थियो । जमिनबाट अधिकतम अमृतमय उत्पादन प्राप्त गर्न सम्पूर्ण जमिनलाई नापीनक्सा गरी तथ्यांक दुरुस्त राखी, वैज्ञानिक ढंगबाट आवादी गर्न, कृषि औजार, उपकरण, सिंचाई प्रबन्ध, रासायनिक मलको व्यवस्था, विकासमुखी बिउविजन, कीटनाशक औषधी, कृषकको अधिकार सुरक्षित गर्ने परिपाटी, जमिनदार र मोहीको बीचको सकारात्मक सम्बन्ध निर्माण, कृषि बजारको व्यवस्था जस्ता विषयमा खास ध्यान जान नसकेको हुनाले भूमि व्यवस्था अति जटिल थियो । त्यसप्रति सुधारात्मक प्रयत्न उपयुक्त ढंगले अघि बढाउन नसक्नाले भूमिबाट मुलुकले अपेक्षाकृत प्रभावकारी लाभ प्राप्त गर्न सकेन ।

रैकर, किपट, गुठी, विर्ता, जागिर, रकम, शेरा सबै किसिमको जमिनबाट भूराजश्व असुल उपर गरी मुलुकको सर्वाङ्गिण विकासमा त्यसको सुरक्षित सदुपयोगको प्रयोजन हुन सकेको भए कृषि प्रधान देश नेपालको मुहार हँसिलो बनाउन सक्षम हुन सकिने सम्भाव्यता थियो । व्यक्तिगत उत्थान, जातीय उन्नति, स्वार्थपूर्ण पारिवारिक प्रयोग जस्ता विसंगतिहरूले भूमि व्यवस्थापनबाट सोचिए जस्तो लाभ प्राप्त हुन सकेन । तथापि नेपालको सन्दर्भमा जे जसरी भूमि सम्बन्धी व्यवस्थापकीय प्रयोजन विकसित हुँदै आयो । यसले भविष्यका दिनहरूमा जमिनको उर्वरा शक्तिबाट यथोचित उपयोग गर्न अभिरुचि बढाउँदै यसलाई सुधारात्मक गति प्रदान गर्ने सवालमा समय समयमा केही न केही प्रयत्न हुँदै गरेको देखिन्छ । यद्यपि उक्त प्रयत्न प्रयाप्त थिएन । यस विषयमा समयसापेक्ष बनाउन र जमिनलाई आधुनिकीकरण गर्न वाञ्छनीय थियो ।

## सन्दर्भ सूची

आचार्य, बाबुराम, (२०२६), *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,* भोल. १, काठमाडौँ : श्री ५ महाराजाधिराजको प्रेस सचिवालय ।

उपाध्याय, श्री राम, (२०५२), *नेपालको सामाजिक, आर्थिक र प्रशासनिक इतिहास,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

उप्रेती, पि.आर. र थापा के.वि., (२०५३), *नेपालको संक्षिप्त सामाजिक, आर्थिक तथा कुटनैतिक इतिहास,* काठमाडौँ : साझा प्रकाशन ।

गुठी संस्थान ऐन (२०२१)

ढुंगेल, रमेश, (इ. १९८६), *प्राचीन अर्थव्यवस्था,* काठमाडौँ : एस.पि. उपाध्याय ढुंगेल ।

थापा, के.वि., (इ. १९९५), *मेन एस्पेक्ट अफ सोसियल, इकोनमिक एण्ड एडमिनिस्ट्रेटिभ हिस्ट्री अफ मोर्डन नेपाल,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

थापा, के.वि. र अन्य, (२०५४), *आधुनिक नेपालको आर्थिक इतिहास,* कीर्तिपुर : सिनास ।

देवकोटा, ग्रिष्म बहादुर, (इ. १९७९), *नेपालको राजनीतिक दर्पण,* भाग १, काठमाडौँ : ध्रुवबहादुर देवकोटा ।

न्यौपाने, दिवाकर, (२०४३), *नेपालको मालपोत प्रशासन,* ललितपुर : गंगा न्यौपाने ।

प्रधानांग, ऐश्वर्य लाल, (२०५६), *नेपालको मध्यकालीन आर्थिक इतिहास,* कीर्तिपुर : सिनास ।

बज्राचार्य, धनबज्र, (२०४१), *लिच्छविकालका अभिलेख,* कीर्तिपुर : सिनास ।

बुढाथोकी, चन्द्रविक्रम, (२०३९), *जयस्थिति मल्लका सुधार,* ललितपुर : साझा प्रकाशन ।

रेग्मी, एम.सी. (इ. १९७८), *ल्याण्ड टेन्युर एण्ड ट्याक्सेसन सिस्टम अफ नेपाल,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

....(इ. १९७८), *अ स्टडि अफ नेपाली इकोनमिक हिस्ट्री,* न्यू दिल्ली : मञ्जु श्री पब्लिसिङ हाउस ।

..., (इ. १९८४), *द स्टेट एण्ड इकोनोमिक सरप्लस,* वाराणसी : नाथ पब्लिसिङ हाउस ।